आ.व. २०७९।८० को बैठक संख्या - ९

आज मिति २०७९ साल मंसीर महिनाको १३ गते मंगलवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. गुणराज श्रेष्ठ
२. पारस ~~मणि~~ फुयल
३. शेखर वुढाथोकी
४. राजन न्यौपाने
५. [illegible] कार्की
६. [illegible]

**प्रस्तावहरु :**

१. गत बैठकको समिक्षा सम्वन्धमा ।
२. रोजगार कार्यक्रमको प्रा.स.को विज्ञापन सम्वन्धमा ।
३. कृषि कार्यक्रम तर्फको कृषि स्नातक करार सम्वन्धमा ।
४. योजना सम्झौताको मिति तय सम्वन्धमा ।
५. फुस्को छानो विस्थापन सुरक्षित नागरीका आवास कार्यक्रमको सम्झौता सम्वन्धमा ।
६. स्वास्थ्य विमा कार्यविधि, २०७९ र जेष्ठ नागरीक परीचयपत्र वितरण कार्यविधि, २०७९ सम्वन्धमा ।
७. ५ नं वडा कार्यालय उदघाटन सम्वन्धमा ।
८. भु उपयोग क्षेत्र निर्धारण सम्वन्धमा ।
९. विविध

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा अघिल्लो वैठक संख्या ८ को निर्णय अनुसारका कार्यहरु कार्यान्वयन भईरहेको व्यहोरा जानकारी भयो ।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रा.स.को विज्ञापन खोली रिक्त दरवन्दीको करार सेवाबाट पदपूर्ति प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

३. प्रस्ताव माथी छलफल गर्दा कृषि विकास शाखा तर्फको संघिय सरकारवाट प्राप्त शसर्त कार्यक्रमको एक गाउँ एक कृषि प्राविधिक र कृषि स्नातक करारको विज्ञापन खोली रिक्त दरवन्दीको पदपूर्ति प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथी छलफल गर्दा मिति २०७९।८।१२ गतेको कार्यालयको स्टाफ बैठकले गरेको निर्णय अनुसार मिति २०७९ साल मंसीर २४ गते सम्ममा प्रत्येक वडाले आफ्ना वडा क्षेत्र भित्रका उपभोक्ता समिति गठन गरि सम्पुर्ण स्टिमेट सहित तयारी गर्ने र तपसिल अनुसारको योजना सम्झौता गर्न गा पा वाट टोली खटिने निर्णय गरियो ।

तपसिल :

| क्र.सं | वडा नं. | मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ तावाश्री | २०७९।८।२५ र २६ | |
| २ | वडा नं. २ माङ्गसीङ्गटार | २०७९।८।२७ | |
| ३ | वडा नं. ३ जरुवा | २०७९।८।२८ | |
| ४ | वडा नं. ४ डुम्रे | २०७९।९।६ | |
| ५ | वडा नं. ५ उदयपुरगढी | २०७९।९।७ | |
| ६ | वडा नं. ६ नेपालटार | २०७९।९।४ र ५ | |
| ७ | वडा नं. ७ हाडेवास | २०७९।९।१ | |
| ८ | वडा नं. ८ नरेटार | २०७९।९।३ | |

५.प्रस्ताव नं ५ माथी छलफल गर्दा सुरक्षीत नागरीक आवास फुस्को छानो विस्थापन कार्यक्रमको अघिल्लो आ.व मा सम्झौता भएका व्यक्तिहरुलाई काम सम्पन्न गरि प्राविधिक फाईनल विल भरपाई समेत राखी वडावाट प्रमाणीत गरि भुक्तानीका लागि गाउँपालिकामा पठाउने र सम्झौता गर्न बाँकी रहेका सम्पुर्ण लाभग्राहीहरुसंग मिति २०७९ साल पौष १५ सम्म सम्झौता गरि निकासाका लागि पठाउने निर्णय गरियो ।

६ प्रस्ताव नं. ६ माथी छलफल गर्दा स्वास्थ्य विमा कार्यविधि, २०७९ र जेष्ठ नागरीक परिचयपत्र वितरण निर्देशिका, २०७९ स्विकृत गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा ५ नं वडा कार्यालय उदघाटन मिति २०७९ साल मंसीर १६ गते दिनको १०:०० बजे गाउँपालिका अध्यक्ष र उपाध्यक्षले संयुक्त रुपमा उदघाटन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथी छलफल गर्दा उदयपुरगढी गाउँपालिकाको भु उपयोग क्षेत्र निर्धारणका लागि वडावाट आफ्नो वडाले छोएको राजमार्गको करिव १५० मिटर दाया वाँया, सहायक मुख्य शाखा मार्गको १०० मिटर दाया वाँया र टोल स्तरको बाटोको ५० मिटर दायाँ वाँया र मूख्य वस्तीको १५० मिटरको क्षेत्रलाई आवासीय तोकी वडाबाट सिफारिस ल्याई भु उपयोग समन्वय समितिलाई पेश गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ को विविध माथी छलफल गर्दा यस गाँउपालिकाको हिउदे अधिवेशन यहि मिति २०७९ साल पौष १८ गते सोमबार आब्हान गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं ९ को विविघ ख माथी छलफल गर्दा श्री पञ्चावती कन्स्ट्रक्सन त्रि.न.पा. ११ ले उदयपुरगढी गाउँपालिका वडा नं. ५ कुसुमबोट स्थित नारायण कुमार श्रेष्ठ समेतको खेत सम्याउदा निस्कीएको ढुंगा प्रारम्भिक वातवरणीय परिक्षणवाट ३७,६५१।२१ घ.मि.उत्खनन योग्य भनि दिएको IEE को प्राविधिक प्रतिवेदनको आधारमा गत आ.व. मा १०३३।५० घ.मि. विक्री निकासी गरि हाल उत्खनन स्थलमा १८३०० घ.मि. स्टक रहेको भनि मिति २०७९।४।१८ को प्राविधिक प्रतिवेदन पेश भएकोमा मिति

२०७९।११।३ सम्ममा उक्त परिमाण विक्री निकाशी गरि सक्नेगरि गाउँपालिका अध्यक्ष स्तरको मिति २०७९।४।२२ को स्टक प्रमाणीत सम्वन्धीको टिप्पणी निर्णयलाई अनुमोदन गरियो ।

११. प्रस्ताव नं ९ को विविध ग माथी छलफल गर्दा दनुवारवेशी रातमाटे मौवासी पलासे हुँदै रिस्कु जोडने वाटो डि पि आर गर्नको लागि रु.६,००,०००।०० (अक्षरुपि रु. छ लाख मात्र) पुँजीगत भैपरि शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं ९ को घ माथी छलफल गर्दा वडा नं. १ लाई वाल मैत्रि वडा कार्यक्रम सम्पन्न गरि घोषणा गर्नको लागि रु. ६०००००।०० (अक्षरुपि छ लाख मात्र) भैपरि चालु शिर्षकबाट व्यहोर्ने निर्णय पारीत गरियो ।

१३. प्रस्ताव नं. ९ को ङ माथी छलफल गर्दा शिक्षा शाखा तर्फको संघिय शसर्त कार्यक्रमको विज्ञान प्रयोगशाला र पुस्तकालय कार्यक्रम कार्यान्वयन गर्न तपसिलका विद्यालय छनौट गर्ने निर्णय गरियो ।

तपसिल :

क) पुस्तकालय तर्फ

- आ.वि. मुर्मे वडा नं. १
- आ.वि. स्वर्गवास वडा नं २
- नमुना मा.वि. भलायडाँडा वडा नं. ८

ख) विज्ञान प्रयोगशाला तर्फ

- जनकल्याण मा वि रुम्जाटार धाब्रे वडा नं. ६
- आ.वि. रैतिमा वडा नं ३